श्री

## मिति २०८१ कार्तिक ०२ गते शुक्रबार बसेको सर्वदलीय तथा विपद व्यवस्थापन समितिका निर्णयहरुः

१.गत २०८१ असोज ११ र १२ गतेको अबिरल बर्षाको कारण आएको बाढी पहिरोका कारण प्रभावितहरुलाई दिइने राहत एकद्वार प्रणालीबाट प्रदान गर्ने ।राहत वितरण प्रणालीलाई एकद्वार बनाई न्यायिक, पारदर्शी र प्रभावकारी बनाउन गाउँपालिकाले नेतृत्व लिने ।

२.बाढी पहिरोका कारण घरबास गुमाएका प्रभावित भएका र सोहि स्थानमा पुनः सोहि स्थानमा बास स्थानमा बासस्थान निर्माण गरी बस्न नसक्ने अवस्था भएका हरुको हकमा उपयुक्त स्थान खोजि बस्ति स्थानान्तरण गरी एकिकृत बस्ती बिकास गर्नको लागि प्रदेश र संघ सरकारका सम्बन्धित निकायहरु समक्ष सिफारिस गर्ने ।

३.बिर्खेधारा-दलचोकी-शंखु सडकखण्डको ठोस्नेखोला क्षेत्रमा बाढीका कारण क्षति भएको सडक पुनःनिर्माणका लागि पूर्वाधार विकास कार्यालय,ललितपुरले स्काभेटर प्रयोग गर्ने जानकारी प्राप्त भएको तथापी स्काभेटर प्रयोग गर्दा जिल्ला दररेट र चलनचल्तीमा दररेट फरक पर्ने देखिएकाले पूर्वाधार विकास कार्यालयले जिल्ला दररेट अनुसार भुक्तानी गर्ने रकममा नपुग रकम गाउँपालिकाले थप गरी भुक्तानी गरी उक्त सडक सुचारु गर्ने ।

४.बाढी पहिरोका कारण पूर्ण रुपमा क्षति भएको ज्ञानज्योति आधारभूत बिद्यालय वडा नं.३, सिलिंगेबेसीलाई बिदा पछाडी सुचारु गर्नको लागि अस्थायी सिकाई केन्द्र निर्माण गर्ने, जसका लागि सहयोगी संस्था तथा प्रदेश, संघीय सरकार समक्ष आह्वान गर्ने।सहयोग प्राप्त नभएको खण्डमा गाउँपालिकाको श्रोत प्रयोग गरेर भए पनि अस्थायी सिकाई केन्द्र निर्माण गर्ने ।आंशिक क्षती भएका बिद्यालय संचालनका लागि समेत गाउँपालिकाको श्रोत परिचालन गर्ने ।

५.बाढी प्रभावितहरुलाई निम्नानुसार स्थानहरुमा अस्थायी रुपमा बसोबासको व्यवस्था मिलाउने ।तपशिलमा उल्लेखित बिकल्पहरु मध्ये उपयुक्त बिकल्प छनोट गर्न स्थानीय स्तरमा अनुगमन गरी सम्बद्द पक्षको राय समेत लिई वडा समिति मार्फत निर्णय गराई पालिकामा पेश गर्ने ।

**वडा नं.१, चौघरे (छलफलको समयः सोमबार ५ गते बिहान ०८ बजे, मदनको पसल)**

क)गुर्दुमपाखा ख)काम्लेचौर ग)सिरुडाँडा/कालापानी

**वडा नं.२,शंखु (छलफलको समयः मंगलबार ६ गते बिहान ०८ बजे, सिलिंगेबेशी)**

क)मानेचौर ख)उन्युचौर

**वडा नं.३,दलचोकी (छलफलको समयः मंगलबार ६ गते बिहान ०८ बजे, सिलिंगेबेशी)**

क)थानापतिडाँडा ख)गोठभन्ज्याङ ग)नर्सरीडाँडा घ)पुरानो मनकामना स्कुल

**वडा नं.४,नल्लु (छलफलको समयः बुधबार ७ गते दिउँसो ११ बजे, खोतर)**

क)देउराली तल्लो नल्लु  ख)नल्लु भन्ज्याङ देखि कृष्ण बहादुरको पसल सम्म

**वडा नं.५,भारदेउ (छलफलको समयः बिहिबार ८ गते बिहान १० बजे, वडा कार्यालय)**

क)बिसौनीडाँडा ख)स्यर्लुपडाँडा ग)वडा भित्रका सार्वजनिक/पर्ती स्थलहरु

श्री

६.बाढीपहिरोको समयमा उद्धार राहत कार्यमा खटिने साथै विपद पश्चात सडक, खानेपानी जस्ता अत्यावश्यक सेवा संचालनका लागि मर्मत सम्भार कार्यमा योगदान दिने सम्बद्ध व्यक्ति तथा संस्थालाई धन्यवाद दिदै त्यस्तो सहयोग गाउँपालिकाको अभिलेखमा राख्ने ।

७.बाढीपहिरो पिडितहरुको नामावलीललाई अन्तिम रुप दिई वडा समितिबाट निर्णय समेत गराई (अस्थायी आवास र तत्काल नगद राहत प्रदान गर्ने प्रयोजनको लागि) ४ (चार) दिनभित्र गाउँपालिकामा पठाउने ।

*******************************************